विषयसूची

परिच्छेद १ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिः

१.१ परिचय.....३-४

१.२ दीर्घकालीन सोच.....४

१.३ लक्ष्य.....४

१.४ उद्धेश्य.....५

१.५ प्रमुख नीतिहरु.....५-६

१.६ रणनीति तथा कार्यनीतिहरु.....६-१४

परिच्छेद २ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन तथा अनुगमन.....१४-१५

२.१ लैससास नीति निर्माण १५

२.२ लैससासको नीति कार्यान्वयन.....१५

२.१.१. लैससास मूलप्रवाहीकरणका लागि संस्थागत संयन्त्र.....१५-१६

२.१.२ साझेदारी एवम् समन्वय र कार्यभूमिका.....१६-२५

२.२ लैससासको अनुगमन तथा प्रतिवेदन.....२६

२.२.१ लैससास दृष्टिकोणबाट बजेट अनुगमन.....२६

२.३. निष्कर्ष २६

संक्षेपित शब्दावली

न. पा. नगरपालिका

लैससास लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

CEDAW महिला विरुद्धका सवै प्रकारका हिंसा निर्मूल पार्ने सन्धि (Convention on the Elimination of All Forms of Discrimination Against Women)

CRC बाल अधिकार महासन्धी (Child Rights Convention)

BPFA बेइजिङ कार्ययोजना (Beijiing Platform of Action)

लैङ्गिकता (Gender) : कुनै पनि मानिस लिंगको आधारमा महिला वा पुरुष वा तेस्रो लिंगि भएकै कारण समाजद्धारा उनीहरुलाई दिने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण ब्यबहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण हो ।

लैङ्गिक मूलप्रबाहीकरण (Gender Mainstreaming) : नगरपालिकाको बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा आयोजनाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

लैङ्गिक समानता (Gender Equality) **:** महिला र पुरुष बीच सबै अंग र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्था नै लैङ्गिक समानता हो ।

सामाजिक समाबेशीकारण (Social Inclusion) : समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जात, समुदाय लगायतका वञ्चित वर्गलाई समाजको मूलप्रवाहमा ल्याउनको लागि देखा पर्ने वाधा अवरोधहरूलाई हटाई उनीहरूलाई विकासका अवसरहरूमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत सुविधामा पहुँच बृद्धि गर्नु हो ।

सामाजिक बञ्चितिकरण (Social Exclusion) : लैंगिकता, जात, जाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

लैङ्गिक संबेदनशिल (Gender Sensetive) : सेवा प्रबाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गीहरुका बिशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित बिकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो ।

लैङ्गिकमैत्री (Gender Friendly): हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा तेस्रो लिङ्गीहरुका बिशेष आबश्यकता र सवालहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण ब्यबहार हो ।

परिच्छेद १ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

१.१ परिचय

नेपालको संबिधान २०७२ मा ब्यबस्था भए अनुरुप तीन तहको सरकारको संरचना अनुसार स्थानीय सरकार जनतासंग प्रत्यक्ष सम्बन्ध र सरोकार राख्ने सबैभन्दा नजिकको सरकार हो । संघिय संरचना अनुरुप लोकतन्त्रका लाभहरुको समानुपातिक, समाबेशी र न्यायोचित बितरण गरी कानुनी राज्य, दिगो बिकास र आर्थिक समृद्धिको अवधारणालाई स्थानीय तहदेखि नै सुदृढ गर्नका लागि स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहन्छ । समाजका सबै सरोकारवालाहरु र स्थानीय जनता समेतको समतामूलक सहकार्य एंव सहभागिताबाट मात्र स्थानीय तहको (नगरपालिका क्षेत्रको) सम्रग विकास सम्भव भएको तथ्य निर्विबाद छ । सुशासनमा आधारीत समग्र बिकास प्रक्रियाको सुनिश्चितताका लागि स्थानीय तहमा अवस्थित महिला, एकल महिला, बालबालिका, दलित, जनजाती, अपांग, जेष्ठनागरीक, विपन्न एबं बञ्चितिकरणमा परेका समुदायहरु प्रति बिद्यमान लैंगिक असमानता र सामाजिक बिभेदहरुको अन्त्य गरी न्यायोचित पहुँच पुऱ्याउने नीतिको अभाव रहेसम्म लैंगिक समानतामा आधारीत समाबेशी समाजको निर्माण गर्न नसकिने यथार्थता सर्बस्विकार्य छ ।

प्यूठान जिल्लाको नौ वटा स्थानीय सरकारहरु मध्ये स्वर्गद्धारी नगरपालिका जिल्लाको पश्चिम भेगमा अवस्थित दाङ र रोल्पा जिल्लासंग सिमाना जोडीएको नगरपालिका हो । नगरक्षेत्रका केही सुगम वडा तथा बस्तीहरु लगायत दुर्गम एबं बिकट बस्तीहरु भएको वडाहरु समेत समेटीएको छ । नगरपालिकाको सबै वडाहरु र बिकट क्षेत्रमा बसोबास गर्ने जनता लगायत पछाडी पारिएको बर्ग समुदायहरुले समेत लाभ सुनिश्चित गर्ने गरी समतामूलक बिकास प्रक्रिया अवलम्वन गर्नु आबश्यक देखिन्छ । सुशासनको प्रभावकारी कार्यान्वयनबाट नगरपालिका क्षेत्रका सबै वर्ग, लिङ्ग, तह र तप्काका समुदाय तथा सरोकारवालाहरुको स्रोत माथिको निर्णय तथा नियन्त्रणमा अधिकार साथै लाभमा समतामूलक पहुँच सुनिश्चित गराउने सन्दर्भमा गरिएको प्रतिवद्धतालाई वडा तथा समुदायतहसम्म कार्यान्वयनमा लैजान स्वर्गद्धारी नगरपालिकाबाट निर्माण गरिने लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिले प्रत्यक्ष सहयोग पुग्ने देखिन्छ ।

सामाजिक विकास क्रमसँगै वर्षौदेखि महिला, दलित, जनजाती, अपाङ्गता भएका ब्यक्ति, बालबालिका एबं जेष्ठ नागरीक लगायत पछाडि परेका वा पारिएका समूह एबं समुदायहरू लैंगिक बिभेद, असमानता र सामाजिक वञ्चितीकरणमा परेको यथार्थतालाई नकार्न सकिदैन । हाल देशमा लोकतान्त्रीक गणतन्त्रको स्थापना र संघिय संरचना अनुरुप ३ तहको सरकारको अवधारणा कार्यान्वयन भइरहदा पनि घर-परिवार एबं समुदाय तहका सामाजिक अनौपचारिक संयन्त्रहरू देखि सार्बजनिक सेवा प्रबाह गर्ने सरकारी, गैरसरकारी निकायहरु र निजि क्षेत्र जस्ता सार्वजनिक औपचारिक निकायहरुमा समेत लैंगिक बिभेद र सामाजिक वञ्चितीकरणको अवस्था विद्यमान छ । समाजमा विद्यमान लैङ्गिक बिभेद, जातीय असमानता, विभेदयुक्त गलत सामाजिक व्यवहार र मान्यता, महिला हिंसा, यौन दुरब्यबहार एबं शोषण र उत्पीडन, गरिवी, आदि जस्ता विसंगतीहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा निर्मित राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय स्तरमा लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त गरिएका विभिन्न अन्तराष्ट्रिय प्रतिवद्धताहरुको

परिपालनालाई स्थानीय तहदेखि नै कार्यान्वयन गर्नका लागि मार्गनिर्देश गर्न प्रत्यक्ष सहयोग पुग्नेगरी स्वर्गद्धारी नगरपालिकाबाट लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति निर्माण गरिएको हो ।
स्वर्गद्धारी नगरपालिका अन्तर्गत रहेका सबै संयन्त्रहरु र यसको भौगोलिक क्षेत्र भित्र कार्यरत सबै सरकारी निकायहरु, संघसंस्था र निजि क्षेत्रबाट संचालन हुने कार्यक्रम तथा आयोजनाहरु र बजेट बिनियोजन प्रक्रियामा मार्गदर्शन गर्ने उद्धेश्य राखी यो नीति तयार गरिएको हो । लैससास नीतिका प्रमुख उपयोगकर्ताहरू स्वर्गद्धारी नगरपालिका तथा यस अन्तर्गतका बिभिन्न बिषयगत शाखा, उपसमिति, वडा कार्यालयहरु, नगर क्षेत्र भित्र कार्यरत गैरसरकारी संघसंस्था, बिकास साझेदारहरु र निजि क्षेत्र र समुदायस्तरका संस्थाहरू समेत हुनेछन् । नगर क्षेत्रमा परिचालीत सबै संयन्त्रहरुसंग समन्वय गरी लैससास नीतिको कार्यान्वयन गर्न अनिबार्य गरिनेछ ।

स्वर्गद्धारी नगरापालिकाबाट निर्माण गरिएको लैङ्गिक तथा सामाजिक समाबेशीकरण नीतिले बिशेष गरी नगरपालिका क्षेत्रमा विद्यमान लैगिक असमानता तथा सामाजिक विभेदहरुको निराकरण गर्न सहयोग गर्नेछ । नेपालको संबिधान २०७२ ले लैंगिक बिभेद र असमानता बिरुद्ध निर्दिष्ट गरेका मौलिक हक एबं लैंगिक मूलप्रबाहीकरण, स्थानीय सरकार संचालन ऐन २०७४ ले लैंगिक समानता तथा समाबेशीकरण सुदृढ गर्न निर्दिष्ट गरेका बिषयहरु, दिगो विकास एजेण्डा २०३० को लक्ष्य नं ५ ले निर्दिष्ट गरेको लैङ्गिक समानता तथा महिला सशक्तिकरण, १५ औं पञ्चबर्षिय योजना र त्रिवर्षिय अन्तरिम योजनाले निर्दिष्ट गरेका रणनीतिक आधारस्तम्भहरुलाई ब्यबहारीक कार्यान्वयन मार्फत सार्थकता दिनका लागि यस नीतिले नगरपालकालाई उल्लेख्य योगदान गर्नेछ ।

लैससास नीति लागू भएपछि स्वर्गद्धारी नगरपालिकामा लैंगिकमैत्री संस्थागत संयन्त्रहरुको निर्माण भई नगर क्षेत्र अन्तर्गतका हरेक तह र इकाईहरुमा लैङ्गिक असमानता र सामाजिक समाबेशी हिसावले समानुपातीक सहभागिता बृद्धि गर्न सहयोग पुग्नेछ । त्यसैगरी लैंगिक उत्तरदायी योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन हुनेछ । लैससास नीतिको कार्यान्वयनबाट नगरपालिका क्षेत्रमा मानवीय तथा संस्थागत क्षमता सुदृढीकरण, लैङ्गिक तथा सामाजिक समाबेशी हिसावले खण्डिकृत तथ्यांक तथा सुचनाहरुको नियमित अद्यावधिक हुने र लैंगिक तथा सामाजिक समाबेशी क्षैत्रमा नेपाल सरकारले अभिब्यक्त गरेका अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन भई दीगो रुपमा लैङ्गिकमैत्री तथा सामाजिक समावेशीकरण कार्यप्रणालीको संस्थागत बिकास हुने अपेक्षा गरिएको छ ।

१.२. दिर्घकालिन सोंच :

- लैङ्गिक समानता तथा सामाजिक न्यायमा आधारीत समृद्ध समाज निर्माण गर्ने ।

१.३. लक्ष्य :

- लैङ्गिकमैत्री संस्थागत संरचना, कार्यप्रणाली र सामाजिक सम्वन्धमा सुधार ल्याई नगरपालिकाको समग्र बिकास प्रक्रियामा लैंगिक तथा सामाजिक समाबेशी रुपले मूलप्रवाहीकरण गर्ने ।

१.४. उद्देश्यहरु :

- नगरपालिकाको हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनहरुमा स्थानीय स्तरमा लैंगिक तथा सामाजिक रुपले पछाडी पारिएका बर्ग समुदायको समानुपातीक सहभागिता सुनिश्चित गर्ने ।
- नगरपालिका अन्तर्गतका बिषयगत शाखा, समिति, उपसमिति तथा बिभिन्न इकाई र जनप्रतिनिधीहरु लगायत सबै वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई स्थानीय तहको स्रोत परिचालन, सेवा प्रबाह र लाभ वाँडफाँड गर्दा लैंङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।
- नगरपालिकाका सम्पुर्ण संरचना लगायत नगर क्षेत्रमा कार्यरत संघसंस्था, बिकास साझेदार, निजी क्षेत्र र सरोकारवालाहरुसंग समन्वय एबं पारस्परिक सम्बन्ध बिस्तार गरी योजनाा, कार्यक्रम एबं बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन लगायत बिकासका सबै चरणहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण प्रक्रियालाई सुनिश्चित गर्ने सम्बन्धमां लैंगिक उत्तरदायी र जफावदेही हुन मार्गदर्शन गर्ने ।
- महिला, दलीत, अपांग, जेष्ठनागरीक, बालबालिका, विपन्न तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील भई लैंगिक तथा सामाजिक समाबेशीकरणका बिषयहरुको मूलप्रबाहीकरण प्रति उत्तरदायी र संबेदनशिलता अभिबृद्धि गर्न नगरपालिकाका जनप्रतिनिधी, कर्मचारीहरु र संघसंस्था एबं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने,
- स्थानीय जनताहरु विशेष गरी महिला, बालबालिका, जेष्ठ नागरीक, अपांग, विपन्न तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको सशक्तिकरण एबं क्षमता विकासका कार्यक्रम मार्फत सामुदायिक विकास प्रक्रियामा स्थानीय ब्यक्ति तथा समुदायहरुको सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने ।
- नगरपालिकाका लक्षीत समुदायहरुको सवाल पहिचान गरी सम्बोधन प्रक्रिया सुनिश्चित गर्न नगरपालिकाको खण्डिकृत तथ्यांक संकलन र बिश्लेषण गरी अद्यावधीक गर्ने ।

१.५. प्रमुख नीतिहरु :

स्वर्गद्धारी नगरापालिकाको लैससास नीतिले निर्दिष्ट गरे बमोजिम नगरपालिकाको दिर्घकालिन योजना र उपलब्धीहरुलाई संस्थागत गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक, दलित, विपन्न एंव वञ्चित वर्गले सामाना गर्नु परेका बिद्यमान समस्याहरु र लैंगिक असमानतालाई प्रभावकारी ढंगले सम्वोधन गर्न प्रत्यक्ष सहयोग पुग्नेछ । उक्त नीतिको प्रभावकारी कार्यान्वयनको लागि समुदाय र सम्बन्धीत सरोकारवालाहरु वीच पारस्परीक सम्बन्ध बिस्तार गरी निकट साझेदारी मार्फत कार्यक्रमहरु संचालन गरिनेछ ।

लैंङ्गिक समानता र सामाजिक न्यायमा आधारीत समुद्ध समाज निर्माण गर्न स्वर्गद्धारी नगरपालिकाको लैंगिक लैससास नीतिले निर्दिष्ट गरेका प्रमुख नीतिहरु निम्न बमोजिम उल्लेख गरिएको छ :

१) नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समाबेशी र सुशासनको हिसावले संवेदनशील संस्थागत संयन्त्रहरुको निर्माण र विकास गरिनेछ ,

२) लैंगिक समानता तथा सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका बिषयगत क्षेत्रहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ,

३) नगरपालिकामा लैंगिक उत्तरदायी योजना, कार्यक्रम तथा बजेट निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियालाई प्रभावकारी बनाइनेछ,

४) नगरपालिकाको सुचना शाखाको प्रभावकारी ब्यबस्थापन गरी लैंगिक समानता तथा सामाजिक समाबेशी दृष्टिकोणले खण्डीकृत तथ्यांक एबं सुचना संकलन, बिश्लेषण र नियमित अद्यावधीक गरिनेछ

५) नगरपालिका क्षेत्र भित्रका सार्बजनिक स्रोतहरुको उपयोग, निर्णय प्रक्रिया र लाभ प्राप्तीमा समतामूलक पहुँच तथा न्यायोचीत बितरण प्रणाली सुनिश्चित गरिनेछ ।

६) नगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन र सार्वजनिक स्रोतहरुबाट हुने लाभको बितरणमा नगरपालिका क्षेत्रभित्रका महिला, बालबालिका, दलित, अपाङ्ग, जेष्ठनागरीक, आदिवासी जनजाति, विपन्न एबं पछाडी पारिएका वर्ग तथा समुदाय तहका जनताको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।

७) समुदाय तहका महिला, एकल महिला, बालबालिका, दलित, अपांग, जेष्ठनागरीक, आदिबासी जनजाति, विपन्न तथा पिछडिएको वर्गहरुको आर्थिक सामाजिक सशक्तीकरण मार्फत क्षमता बिकास गरी समग्र बिकासको मुलप्रवाहमा समाहित गरिनेछ ।

८) महिला, बालबालिका र मानव अधिकार लगायतका क्षेत्रमा नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रमा भएका प्रावधानहरुको बारेमा नगरपालिका लगायत वडा तहसम्म जानकारी गराई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरीत गरिनेछ ।

९) नगरपालिकाको समग्र बिकास प्रक्रियामा लैंगिक समानता र समाबेशी सहभागिता सुनिश्चितताका लागि नगरपालिका अन्तर्गतका बिभिन्न बिषयगत शाखा र वडातहमा आबश्यक मानबिय संशाधनको ब्यबस्थापन र क्षमता बिकास गरी परिचालन गरिनेछ ।

१०) लैंगिक समानता तथा सामाजिक समाबेशी नीतिको प्रभावकारी कार्यान्वयनका लागि लैंगिक उत्तरदायी तथा सामाजिक समाबेशी शाखा वा इकाई स्थापना गरिनेछ र उक्त शाखा ब्यबस्थापनका लागि लैंगिक सम्पर्क ब्यक्ति नियुक्त गरी परिचालन गरिनेछ ।

१.५. प्रमुख रणनीति तथा कार्यनीतिहरु :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकांगी रूपमा हुन सक्तैन । यसका लागि लैंगिक संबेदनशिल शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको विकास आवश्यकता पर्दछ । सहभागितात्मक विकासको अभ्यास र सामाजिक वहसको प्रक्रियाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न सकिन्छ । लैससास नीतिले निर्दिष्ट गरे अनुरुप नगरपालिका

अन्तर्गतका समग्र संरचना र बिकासका कार्यक्रमहरुमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री कार्यप्रणालीको बिकास गरी संस्थागत गरिनेछ । लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीतिले निर्दिष्ट गरेका प्रमुख नीतिहरुलाई नगरपालिकामा पुर्ण रुपले अवलम्बनका लागि लैससास नीति अन्तर्गत विभिन्न रणनीति तथा कार्यनीतिहरु तय गरिएको छ ।

लैससास नीतिको प्रभावकारी कार्यान्वयनका लागि नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, संघिय सरकारबाट निर्माण गरिएका राष्ट्रिय नीति तथा निर्देशिकाहरु र अभिब्यक्त गरिएका अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई आधार मानि तय गरिएको प्रमुख रणनीति तथा कार्यनीतिहरु निम्न बमोजिमका उललेख गरिएको छ ।

रणनीति	कार्यनीति
रणनीति नं १. **स्वर्गद्धारी नगरपालिकाको नीति, कार्यक्रम र योजनामा लैंगिक समानता तथा सामाजिक समावेशी पद्धतिको बिकास र लैंगिक संबेदनशिल कार्यप्रणाली अवलम्बन ।**	
क) स्थानीय सरकारसँग सम्बन्धित विभिन्न नीति तथा योजनाहरूको लैससास दृष्टिकोणबाट पुनरावलोकन गरी लागु गर्ने ।	▪ नगरपालिकाको आबधिक, बिषयगत एबं बार्षिक योजना, गुरुयोजना र विद्यामान नीति तथा कार्यक्रम, निर्देशिका र कार्यबिधिहरुमा भएका लैंगिक बिभेद तथा असमानताहरु पहिचान र विश्लेषण गरी लैंगिक तथा समावेशी प्रक्रियाबाट परिमार्जन र संशोधन गर्ने । ▪ लैससास नीतिले निर्दिष्ट गरेका कार्यनीति र रणनीतिहरु कार्यान्वयन गर्न आवश्यक निर्देशिका एबं कार्ययोजना निर्माण गरी लागु गर्ने । ▪ नगरपालिकाले वडा तहसम्म लैससास नीतिको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट निर्देशन गर्ने । ▪ नगरपालिकामा परिचालीत संघसंस्था र सरोकारवाला निकायहरुलाई समेत लैससास नीतिले निर्दिष्ट गरेका मार्गदर्शनहरुको बारेमा अभिमूखिकरण गराई सोही अनुरुप कार्यक्रम कार्यान्वयन गर्न निर्देशन गर्ने ।
ख) महिला, एकल महिला, बालबालिका, दलित, अपांगता भएका ब्यक्ति, जेष्ठ नागरीक, विपन्न एंव पिछडिएका वर्ग तथा समुदायको आर्थिक सामाजिक सशक्तिकरण गर्ने ।	▪ नगर क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपांग, जेष्ठनागरीक लगायत वञ्चित समुदायलाई बिशेष प्राथमिकताको आधारमा उद्यमशिलता मार्फत स्वरोजगार बनाई उनीहरुको जिविकोपार्जनमा सुधार गर्ने । ▪ नगर क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित बर्गको

	जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरुको परिमार्जन तथा पुनःस्थापना, व्यवस्थापन र सुधार गर्ने । ▪ विपन्न एबं बञ्चित समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी बार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने । ▪ नगरपालिकाको योजना तथा कार्यक्रम तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता बिकासका कार्यक्रमहरु संचालन गर्ने ।
रणनीति नं २. **सुशासनमा आधारीत लैंगिक तथा सामाजिक समावेशी सहभागिता र संस्थागत संयन्त्रहरुको विकास र परिचालन ।**	
क) नगरपालिकाको बिकास निर्माण, योजना तर्जुमा, र कार्यक्रम कार्यान्वयन प्रक्रियामा नगर क्षेत्र भित्रका सबै नागरिकहरूको लैंगिक तथा सामाजिक समाबेशी सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।	▪ नगरपालिकामा लैससास इकाई/शाखा स्थापना गर्ने । ▪ नगरपालिकाको लैससास इकाई/शाखामा लैंगिक समानता तथा सामाजिक समाबेशीकरणका सवालमा काम गर्नका लागि लैंगिक सम्पर्क व्यक्ति नियुक्त गर्ने । ▪ नगरपालिकामा गठन गरिने बिभिन्न समिति तथा उपसमितिहरुमा नेपाल सरकारको नीति अनुरुप लैंगिक तथा समाबेशी सहभागिता सुनिश्चित गर्ने । ▪ नगपालिकाका सबै संयन्त्रहरु र नगर क्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरुमा लैंगिकमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको ब्यबस्था सुनिश्चित गर्ने । ▪ नगरपालिका र नगर क्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एबं निजिक्षेत्रबाट संचालीत योजना तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समाबेशी परीक्षण (Gender and Social Audit) गर्ने, गराउने । ▪ नगर क्षेत्रमा गठीत उपभोक्ता समितिहरुमा लक्षित समुदायहरुको समाबेशी सहभागिता सुनिश्चित गराउनुका साथै समूहमा नयाँ सदस्यको प्रवेश प्रक्रिया सरल र सहज बनाउने । ▪ नगरपालिका लगायत नगर क्षेत्र भित्र कार्यरत सेवाप्रदायक संस्थाहरुबाट संचालीत योजना तथा कार्यक्रमहरुको बार्षिक

	वा आबधिक सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने । ▪ नगरपालिकाका सबै वडाहरुका सामान्यतया ५० भन्दा बढी घरधुरी भएका समुदायमा महिला, वञ्चित तथा दलित वर्गको लैंगिक तथा समाबेशी सहभागीता सुनिश्चित गर्दै टोल समिति गठन गरी पीचालन गर्ने । ▪ महिला, बालबालिका अपांग, जेष्ठनागरीक, दलित लगायतका वञ्चित वर्गको नगरपालिकामा (स्थानीय सरकारमा) प्रत्यक्ष पहुँचका लागि उनीहरुको सञ्जाल निर्माण गरी परिचालन गर्ने । ▪ नगरपालिकाका सबै किसिमका सेवा प्रबाह प्रक्रियामा लैंङ्गिक सम्बेदनशिल कार्य प्रणाली अवलम्वन गर्ने ।
ख) स्थानीय स्रोतको बिनियोजना तथा सेवा प्रवाह प्रक्रियालाई लैंगिक तथा सामाजिक समावेशी रुपले उत्तरदायी एबम् जवाफदेही बनाउने ।	▪ नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको कार्य विवरणमा लैंगिक समानता तथा सामाजिक समाबेशी हिसावले संबेदनशिलता हुनु पर्ने बिषयहरु समाबेश गर्ने । ▪ लैंगिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अपनाउन दिर्घकालीन कार्ययोजना र आचारसंहिता बनाई लागु गर्ने, ▪ नगरपालिकामा कार्यरत महिला कर्मचारीहरुका लागि लैंगिकमैत्री कार्यस्थल तथा कार्यवातावरण निर्माण गर्ने । ▪ नगरपालिकाका कर्मचारीहरुलाई लैससास नीतिको बारेमा अभिमूखिकरण गराई लैंङ्गिक संबेदनशिल कार्यप्रणाली र कार्यब्यबहार अपनाउन सजक बनाउने । ▪ नगर क्षेत्र भित्र बिभिन्न बिकास निर्माण कामका लागि गठित उपभोक्ता समूह/समितिको निर्णय, आम्दानी तथा खर्च र जनसहभागित लगायतका विवरण्हरु चुस्त दुरुस्त अद्यावधीक गर्दै पारदर्शी बनाउने । ▪ लैंगिाक समानता र सामासजिक समाबेशीकरणका सवालहरुमा सहकार्यका लागि नगरपालिका र नगर क्षेत्र अन्तर्गतका अन्य सेवाप्रदायक निकायहरु र स्थानीय जनता वीच पारस्परिक सम्बन्ध विस्तार गर्ने ।
ग) नगरपालिका अन्तर्गतका बिभिन्न इकाई लगायत उपभोक्ता समितिहरुको निर्णायक तहमा लैंगिक तथा सामाजिक समाबेशी सहभागिता	▪ नगरपालिकामा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका ब्यक्तिहरुको नेतृत्व बिकास सम्बन्धी क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने,

सुनिश्चित गर्न महिला, दलित लगायत बञ्चित बर्गका मानिसहरुको क्षमता बिकास गर्ने ।	▪ समुदाय तहका महिला, दलित तथा पछाडी पारिएको समुदायलाई नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरी निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको बिकास गर्ने । ▪ नगरपालिकामा संचालीत योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठित बिभिन्न समिति तथा उपसमितिहरु र टोल समुहका कार्यकारी समितिहरुमा महिला, दलित तथा वञ्चित वर्गका ब्यक्तिहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउने । ▪ उपभोक्ता समितिको मुख्य निर्णायक पदहरु क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने ब्यबस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।
रणनीति नं ३. **लैंगिक तथा सामाजिक समावेशीकरणका हिसावले संबेदनशिल योजना, बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन**	
क) नगरपालिकामा बसोवास गर्ने महिला, अपांग, दलित, जेष्ठ नागरीक, बालबालिका बिपन्न लगायत बञ्चित बर्गहरुको उत्थान सम्बन्धी कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने ।	▪ नगरपालिकाबाट बिनियोजित स्थानीय स्रोत र सेवामा महिला, दलित, विपन्न एंव वञ्चित वर्गको पहुँच बृद्धि साथै उनीहरुको सशक्तिकरण र परम्परागत मूल्य मान्यतामा परिवर्तन ल्याउने किसिमको बजेट तथा कार्यक्रमलाई प्राथमिकता दिने । ▪ समुदायस्तरमा सम्पन्नता स्तरीकरण, सामाजिक विश्लेष्ण, सेवा तथा सुविधा नक्साङ्कन जस्ता आधारभुत सर्बेक्षण गरी तदनुरुप सबै पक्षलाई समेट्ने गरी जिविकोपार्जन र सशक्तिकरणका कार्यक्रमहरुलाई प्राथमिकता दिने । ▪ आम महिलाहरुमा जनचेतनाा तथा क्षमता बिकासका लागि प्रजनन् स्वास्थ्य, यौन रोग तथा एच.आई.भिं एड्स, एकल महिला अधिकार, किशोर किशोरी शिक्षा, कानुनी शिक्षा, लैंगिक हिंसा न्यूनिकरण, महिला सशक्तिकरणका कार्यक्रम संचालन गर्ने । ▪ महिला उत्थान कार्यक्रम अन्तर्गत महिलालाई प्रत्यक्ष लाभ पुग्ने गरी रकम बिनियोजीत गरी प्राविधिक जनशक्ति तयार गर्न उद्यमशिलता बिकास तथा सिपमुलक तालिमहरुलाई प्राथमिकता दिने ।

	▪ नगर क्षेत्रभित्रका अति विपन्न, जेष्ठनागरीक, अपाङ्ग तथा अशक्तलाई विशेष सहुलियत दिने खालका कार्यक्रमको तर्जुमा गर्ने । ▪ लक्षित वर्गहरुको उत्थान सम्बन्धी सवालहरुमा बस्तीस्तरबाट योजना तथा कार्यक्रम माग गरी प्रभावकारी कार्यान्वयन गर्न वडा तहमा गठन भएको महिला, बालबालिका, दलित, जनजाति, अपांग जेष्ठ नागरीकको आ-आफ्नो सञ्जाल परिचालनका लागि बजेट बिनियोजन गर्ने । ▪ वडा तथा बस्तीस्तरमा गरिने योजना तर्जुमा सम्बन्धी छलफल तथा निर्णयहरु र कार्यक्रम कार्यान्वयन एबं अनुगमन प्रक्रियामा समेत महिला, दलीत, जेष्ठ नागरीक, अपांग लगायत वञ्चित तथा विपन्न वर्गहरुको सहभागिता हुने गरी उनीहरुको संगठित सञ्जालहरुलाई संलग्न गराउने ।
ख) नगर क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपांग, जेष्ठनागरीक, गरिब, दलित एंव वञ्चित वर्ग प्रति सकरात्मक विभेद हुने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने ।	▪ नगरपालिकाले नयाँ कर्मचारी भर्ना गर्दा कूल नयाँ भर्ना मध्ये कम्तिमा ३३ प्रतिशत महिलाहरुलाई स्थान दिने । ▪ सरकारी संयन्त्रहरुमा महिला एंव वञ्चित बर्गको सहभागिता बृद्धि गर्न नगरपालिकाका सम्भावित लक्षीत बर्ग समुदायका उम्मेदवारहरुलाई लक्षित गरी लोकसेवा पूर्व तयारी कक्षा एबं तालिमको व्यवस्था गर्ने । ▪ नगरपालिका क्षेत्रभित्रका स्रोतको उपयोग र लाभ बितरणमा दलित, वञ्चित तथा विपन्न वर्गको हिस्सा सुनिश्चित गर्ने । ▪ नगरपालिकाको विकास कार्यमा आदिवासी जनजाति र दलितहरुको परम्परागत ज्ञान र सीपमा परिमार्जन र सुधार हुने कार्यक्रमहरु तर्जुमा एंव कार्यान्वयन गर्ने । ▪ लैंगिक हिंसा पिडितहरु, जोखिममा रहेका असाह्य र हेरचाह बिहिन बालबालिका र असहाय तथा हेरचाह बिहिन जेष्ठ नागरीकहरुको संरक्षणका लागि सेवा केन्द्रको ब्यस्थापन सम्बन्धी नियमित बजेट बिनियोजन साथै छुट्टै कोषको स्थापना गरी परिचालन गर्ने । ▪ महिला तथा वञ्चित वर्गको विद्यमान कार्यबोझ कम गर्ने किसिमका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।
ग) नगरपालिका लगायत यस क्षेत्रमा काम गर्ने सम्पूर्ण सेवा प्रदायक	▪ नगरपालिका लगायत सबै सेवाप्रदायक निकायहरुले कार्यक्रम बजेटको निश्चित प्रतिशत रकम महिला, दलित,

निकायहरुलाई लैंगिक तथा सामाजिक समाबेशी हिसावले उत्तरदायी बनाउन अनुगमन प्रणालीको संस्थागत बिकास गर्ने ।	विपन्न, एंव वञ्चित वर्गको जीविकोपार्जन र सशक्तिकरण कार्यक्रमहरुमा लगानी सुनिश्चित गर्ने । ▪ नगरपालिकाबाट अधिकतम संख्यामा महिला, दलित र विपन्न एंव वञ्चित वर्गहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरुमा लगानी गर्ने । ▪ नगरपालिकाको विकट एबं दुर्गम क्षेत्रमा कार्यान्वयन गरिने कार्यक्रम तथा बजेट क्रमशः बृद्धि गदै लैजाने । ▪ नगरपालिकाको सबै वडा तथा समुदाय तहसम्मको लैंगिक तथा सामाजिक खण्डीकृत तथ्याङ्क संकल, बिश्लेषण र नियमित अद्यावधिक गरी सूचना प्रवाह गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने । ▪ सबै तहमा गरिने सूचना संकलन तथा समिक्षामा लैंगिक, गरिबी तथा सामाजिक समता (Gender, Poverty and Social Equity) तर्फ भएका प्रगती मापन सम्बन्धी सूचकका आधारहरु तय गर्ने, गराउने । ▪ स्थानीय तहले अनुगमनका लागि उपयोग गर्ने प्रचलित अनुगमन फारमहरुमा लैंगिक तथा समाबेशी हुनेगरी परिमार्जन र स्थलगत परीक्षण तथा सुधार गर्ने । ▪ नगरपालिकाका योजना तथा कार्यक्रमहरु र सेवा प्रबाह प्रक्रियाको अनुगमनका लागि सूचना संकलन र विश्लेषण गर्न निश्चित कार्यक्रम र बजेटको व्यवस्था गर्ने । ▪ नगरपालिका अन्तर्गतका सबै योजना तथा कार्यक्रमहरुको लैंगिक तथा सामाजिक उत्तरदायी भए नभएको परीक्षण गरी तदनुरुप परिमार्जन गर्दै लैजाने । ▪ समुदाय स्तरमा स्वःअनुगमन प्रक्रियाको संस्थागत विकास गर्ने तथा सेवाप्रदायक संस्थाहरुका राम्रा सिकाइ रा अनुभवहरुको आदान प्रदान गर्ने ।
घ) स्थानीय स्रोतहरुको न्यायोचित बितरण तथा लाभ प्राप्तीमा पहुँच वृद्धि एवम् वित्तीय स्रोत तथा सेवाको उपयोग सम्बन्धी अधिकार सुनिश्चित गर्ने ।	▪ वडा तथा समुदाय तहमा कृषिको आधुनिकीकरण तथा कृषि विकासका क्रियाकलाप मार्फत विपन्न वर्गको खाद्य सुरक्षा बृद्धि गर्ने । ▪ नगर क्षेत्र भित्रका विपन्न तथा वञ्चित समुदायहरुलाई श्रोत र सेवामा समानुपातिक पहुँच सुनिश्चितता र वैकल्पिक रोजगारीका अवसरहरुको मात्रामा उल्लेख्य बृद्धि गर्ने ।

	▪ नगरपालिकाको बार्षिक कार्यक्रमहरुमा महिला, विपन्न एंव वञ्चित वर्गको आवश्यकता पहिचान गरी माग अनुसारका कार्यक्रमहरुलाई प्राथमिकता दिई योजना तर्जुमा गरी कार्यान्वयन गर्ने । ▪ नगर क्षेत्र भित्रका लक्षीत बर्ग समुदायमा टेवामूलक कार्यक्रम मार्फत महिला र बालवालिका माथि हुने बिभेद र हिंसा न्यूनिकरण गर्ने, महिलाका बिद्यमान कार्यबोझ कम गर्ने र स्वास्थ्य स्थिति सुधार गर्नमा योगदान पुग्ने खालका कार्यक्रमहरु संचालन गर्ने । ▪ आन्तरिक तथा सेवाप्रदायक संस्थाहरुसँगको पारस्परिक सहयोगी सम्बन्ध र समूह/समुदायमा लैंगिक तथा जातिगत विभेद घटाउदै लैजाने ।
रणनीति नं ४. नेपाल सरकारले लैंगिक समानता तथा सामाजिक समाबेशी बिकाका लागि जारी गरेका राष्ट्रिय नीति तथा कानुन र अभिब्यक्त गरिएका अन्तराष्ट्रिय प्रतिबद्धतहरुको कार्यान्वयन	
क) लैंङ्गिक हिंसा तथा यौनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता कायम गर्दै हिंसा मुक्त समाज निर्माण तर्फ अग्रसर रहने ।	▪ नेपाल सरकारले प्रतिवद्धता जनाएका महिला, बालबालिका र मानवअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय कानुन, सन्धी, महासन्धी र सम्झौताहरुको वारेमा नगरपालिकाका जनप्रतिनिधी लगायत कर्मचारीहरुमा व्यापक जानकारी गराउने । ▪ महिला, बालबालिका र मानवअधिकार सम्बन्धी निर्माण गरिएका राष्ट्रिय कानुनहरु र नेपाल सरकारद्धारा बिभिन्न समयमा प्रतिबद्धता जनाएका मानवअधिकार, CEDAW CRC, BPFA लगायतका अन्तराष्ट्रिय सन्धी, महान्धी र घोषणपत्रका बारेमा वडा तथा समुदाय तहमा ब्यापक जानकारीको लागि सचेतनामुखि अभियानका कार्यक्रमहरु संचालन गर्ने । ▪ नगरपालिकाको वडा तहसम्म लैससास र अन्तराष्ट्रिय प्रतिबद्धता अनुरुप बिभिन्न सिप तथा क्षमता बिकासका कार्यक्रम कार्यान्वयन गर्ने । ▪ लैंगिक हिंसामुक्त वडा र बस्तीहरु घोषणा गर्नका लागि नगरपालिकाले दिर्घकालिन कार्ययोजना बनाई प्रतिबद्धताका साथ सबै सरोकारवालाहरुसंगको सहकार्यमा वडा तथा समुदाय तहमा ब्यापक अभियान संचालन गर्ने । ▪ शान्ति निर्माण प्रक्रियामा महिला सहभागीता अभिबृद्धि र द्धन्द्ध

	र द्धन्द्ध पश्चात हुने हिंसाबाट प्रभाबीतहरुको सुरक्षा सम्बन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी बिषयमा जनप्रतिनिधी लगायत सबै कर्मचारीहरु र समुदायस्तरमा अभिमूखिकरण गर्ने साथै संचार माध्ययम र प्रचार सामाग्री मार्फत ब्यापक प्रचार प्रसारमा ल्याइ जानकारी गराउने । ▪ कार्यस्थलमा हुने यौनजन्य दुर्ब्यबहार (निवारण) ऐन ०७१ मा भएका प्राबधानहरुको बारेमा जनप्रतिनिधी लगायत कर्मचारी तहमा ब्यापक जानकारी गराई यौनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता अपनाउन प्रेरीत गर्ने ।
ख) नगर क्षेत्र भित्र बिभिन्न समुदायमा बिद्यमान गलत सामाजिक अभ्यास र लैंगिक एबम् सामाजिक बिभेदको अन्त्य, महिलाहरुको श्रमको उचीत मुल्यांकन र दिगो बिकास प्रक्रियालाई संस्थागत गर्ने ।	▪ समुदायस्तरमा प्रचलित कुरिति र कुसंस्कार अन्त्य गर्ने खालका सुजनात्मक कार्यक्रमहरु जस्तै: जातीय बिभेद, सामाजिक बिभेद, लैंगिक बिभेद बिरुद्ध समुदाय तहमा कानुनी शिक्षा र जनचेतनामूलक अभियान संचालन गरी समुदाय तहमा बिभेद बिरुद्ध वकालत गर्ने क्षमताको अभिबृद्धि गर्ने । ▪ नगरपालिकाबाट बैदेशिक रोजगारीमा जाने महिलाहरुलाई बैदेशिक रोजगारी सम्बन्धी बिद्यमान कानुनी ब्यबस्थाहरुको बारेमा जानकारी अभिबृद्धि र बिदेशमा गई काम गर्न सक्ने सिप तथा क्षमता बिकासका कार्यक्रमहरु संचालन गर्ने, ▪ दिगो बिकास एजेण्डा २०३० मा ब्यबस्था भएका १७ वटा लक्ष्यहरु र उक्त लक्ष्य अन्तगतका सुचकहरु साथै दिगो बिकास लक्ष्य नं ५ ले निर्दिष्ट गरेको लैंगिक समानता तथा महिला सशक्तिकरण बारेमा नगरकार्यपालिका साथै वडा तहसम्म जानकारी गराई सोही आधारमा बार्षिक नीति तथा कार्यक्रम र बजेटको बिनियोजनमा प्राथमिकता दिने । ▪ नगरपालिकाका आम महिलाहरुको दैनिक घरायसी कामको मुल्यांकन गरी उत्पादन मुल्यमा समायोजन गर्ने ।

परिच्छेद २ : लैंङ्गिक समानता तथा साजिक समाबेशी नीति निर्माण, कार्यान्वयन र अनुगमन

२.१. लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीति निर्माण :

नगरपालिकाको समग्र बिकास प्रक्रियामा महिला, दलित अपांग लगायत वञ्चित बर्ग समुदायको मूलप्रबाहीकरण गर्न र नगरपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ बितरणमा पहुँच

सुनिश्चित गर्नका लागि लैससास नीति निर्माण गरी लागु गरिएको हो । स्वर्गद्धारी नगरपालिकाले निर्माण गरी लागु गरिएको उक्त नीति नगरपालिकाका सबै संयन्त्रहरु र नगर क्षेत्र भित्र कार्यरत अन्य सरकारी, गैरसरकारी तथा बिकास साझेदार निकाय लगायत निजी क्षेत्र समेतले अवलम्बन गर्नेगरी आबश्यक समन्वय र साझेदारी गरिनेछ ।

स्वर्गद्धारी नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति निर्माणको क्रममा नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, दिगो बिकास एजेण्डा २०३० लगायत नेपाल सरकारबाट लैंगिक समानता र सामाजिक समाबेशीकरणका बिषयमा जारी गरिएका बिभिन्न राष्ट्रिय नीति तथा कानुनहरु र प्रतिबद्धतता जनाएका अन्तराष्ट्रिय कानुनहरुलाई आधार मानिएको छ । नगरपालिकामा परिचालित संयन्त्रहरु र नगर क्षेत्र भित्रका सबै सरोकारवाला निकायहरुलाई लैंगिक उत्तरदायी तथा जवाफदेही बनाउन यो नीतिले मार्गदर्शकको भूमिका निर्बाह गर्नेछ ।

२.२. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिको कार्यान्वयन :

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिले निर्दिष्ट गरेका क्षेत्र तथा बिषयहरु प्रति संबेदनशिल भई नगरपालिकाको शासन पद्धती, सेवा प्रबाह र कार्यप्रणालीलाई लैंगिक तथा समाबेशीमैत्री बनाउन नगरपालिकाका नेतृत्व पंक्ति, जनप्रतिनिधीहरु र कार्यरत सबै कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत अबधारणागत स्पष्टता गराई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । नगरपालिकामा क्रियाशिल सबै संयन्त्रहरु लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, बिकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

२.२.१. लैससास मूलप्रबाहीकरणका लागि संस्थागत संयन्त्र :

नगरपालिका अन्तर्गतका भौतिक संरचना लगायत संस्थागत संयन्त्रहरुमा लैससास नीतिले निर्दिष्ट गरे बमोजिम सुधार गरी लैंगिकमैत्री बनाइनेछ । संस्थागत ब्यबस्थापन र परिचालन सम्बन्धी सिपको बिकास गर्न र सामुदायिक विकास कार्यक्रममा समानुपातीक सहभागिता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाइनेछ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र ब्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

- लैंगिक समानता तथा सामाजिक समाबेशीकरण शाखा वा इकाईको स्थापना गरी चलायमान बनाइनेछ ।
- लैससास शाखा चलायमानका लागि लैंगिक सम्पर्क ब्यक्ति (Gender Focal Person) नियुक्त गरी निजको कार्यबिबरण तोकीनेछ ।
- नगरपालिकामा कार्यरत महिला कर्मचारीहरु र नगरपालकामा सेवा लिन आउने महिला सेवाग्राहीहरुलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको ब्यबस्था गरिनेछ ।

- नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशी अबधारणा र अभ्यासहरुका बिषयमा अभिमूखकरण मार्फत जानकारी गराई सेवा प्रबाह प्रक्रियालाई लैंगिक तथा सामाजिक समाबेशी मैत्री बनाइनेछ ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्ब्यबहार (निवारण) ऐन २०७१ मा भएका कानुनी ब्यबस्थाहरु बारे नगरपालिकाका जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैंगिकमैत्री कार्य ब्यबहारका लागि प्रोत्साहीत गरिनेछ ।
- नगरक्षेत्र भित्रका लैंगिक सवालहरु र कार्यस्तलमा हुने यौनजन्य दुर्ब्यबहार सम्बोधनका लागि गुनासो सुनुवाइको ब्यबस्था गरिनेछ ।
- वडास्तरको सबै वस्तीहरुमा सबै बर्ग समुदायका मानिसहरुको समानुपातिक सहभागितामा टोल समिति गठन गरि योजना तर्जुमा प्रक्रिया र सामुदायिक बिकासका कार्यमा क्रियाशिल बनाइनेछ ।
- नगरपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ बितरणमा महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, आदिबासी जनजाति, एकल महिला, अपांगता भएका ब्यक्तिहरु लगायत पछाडि पारिएका समुदायहरुको पहुँच सबृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत नगरपालिकाको सबै क्षेत्रको बिकास प्रक्रियामा क्रियाशील सहभागिता सुनिश्चित गराइनेछ ।
- नगर क्षेत्र भित्र संचालन हुने बिकास निर्माणका कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि गठन गरिने उपभोक्ता समितिहरुमा ३३ प्रतिशत महिला सहभागिता साथै अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्वे कुनै एक पदमा महिला प्रतिर्निधीत्व सुनिश्चित गरिनेछ ।
- नगरपालिकाको गरिबी नक्सांकन साथै लैंगिक तथा सामाजिक समाबेशी हिसावले खण्डिकृत तथ्यांक संकलन, बिश्लेषण र अद्यावधीक गर्नका लागि सुचना शाखाको प्रभावकारी ब्यबस्थापन मार्फत सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाइनेछ ।

२.१.२. साझेदारी एबं समन्वय र कार्यभूमिका :

नगरपालिकाबाट संचालन गरिने हरेक योजना तथा कार्यक्रमहरु र बजेट बिनियोजन प्रक्रिया लैंगिकमैत्री र सामाजिक समाबेशीकरण सुनिश्चित गर्न नगर क्षेत्रभित्र क्रियाशिल सबै संयन्त्रहरु र सरोकारवालाहरु बिच समन्वय र सहकार्य हुनु जरुरी छ । नगरपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा नगर क्षेत्र भित्र कार्यरत विभिन्न सरकारी, गैरसरकारी निकायहरू, बिकास साभदेदार, निजि क्षेत्र, सामुदायिक समूहहरू र आम नागरीकहरूबीच समन्वय र साझेदारी गरिनेछ ।

नगरपालिकामा कार्यरत निकायहरुबाट लैससास नीतिमा तोकिएको कार्यभूमिकाहरु प्रभावकारी कार्यान्वयनका लागि लैससास शाखाबाट समन्वय र सहकार्य गर्नुका साथै कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन

समेत गरिनेछ । नगर क्षेत्रभित्र क्रियाशिल विभिन्न सम्बन्धीत निकाय वा सरोकारवालाहरुले अवलम्वन गर्नुपर्ने कार्यभूमिकाहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू	**कार्यभूमिका**
नगरकार्यपालिका	▪ नगरपालिकाको समग्र बिकास प्रक्रियामा लैंगिक तथा सामाजिक समाबेशी मूलप्रबाहीकरण सुनिश्चितताका लागि नीति तथा कानुनहरुको परिमार्जन तथा पुनरावलोकन गर्ने । ▪ लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा नेपाल सरकार र नगरपालिकाले जारी गरेका नीति तथा कानुनहरु र अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने, ▪ नगरपालिकामा लैससासको दृष्टिकोणबाट योजना तर्जुमा, बजेट बाँडफाँड, कार्यान्वयन र अनुगमन ढाँचाहरूको पुनरावलोकन गरी लैंगिक उत्तरदायी तथा समाबेशी बनाउने । । ▪ नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लैंगिक तथा सामाजिक समाबेशी सहभागिता सुनिश्चित गर्ने, ▪ नगरपालिका लगायत नगर क्षेत्रमा परिचालीत सबै निकायहरुबाट उपलब्ध गराइने सेवा सुबिधा र लाभ बितरणमा लैंगिक तथा सामाजिक समाबेशी पहुँच बृद्धिका लागि स्पष्ट निर्देशन दिने । ▪ लैंगिक समानता तथा सामाजिक समाबेशी शाखा वा इकाई स्गापना गरी चलायमान बनाउने । ▪ लैससास शाखामा लैंगिक सम्पर्क ब्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने । ▪ नगरपालिकाको योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा लैंगिक उत्तरदायी भए नभएको सुनिश्चित गर्न नियमित अनुगमन गर्ने । ▪ नगरपालिकामा कार्यरत कर्मचारीहरुको लैंगिक अबधारणा सम्बन्धी क्षमता बिकासका कार्यक्रमहरु तय गरी संचालन गर्न लैससास शाखा एबं लैंगिक सम्पर्क ब्यक्तिलाई जिम्मा दिने । ▪ लैंगिक समानताका लागि भएका नीतिगत र कानुनी सुधारका उपयोगिता र प्रभाकारिता मूल्यांङ्कन गर्ने ।

साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू	कार्यभूमिका
वडा कार्यालय	▪ लैंगिक उत्तरदायि बजेट तथा कार्यक्रम निर्माण र लैंगिक संबेदनशिल कार्यप्रणली अवलम्वन सम्बन्धमा नगरपालिकाबाट पुनरावलोकन गर्ने नीति तथा कानुनहरुमा आबश्यक सुझावहरु उपलब्ध गराउने । ▪ समुदाय तहको समग्र बिकास प्रक्रियामा लैंगिक तथा सामाजिक समाबेशी मूलप्रबाहीकरण सम्बन्धमा नगरपालिकाबाट पुनरावलोकन गरी जारी गरिएका नीति तथा कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्ने । ▪ लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा नेपाल सरकारले अनुमोदन गरेका अन्तराष्ट्रिय सकानुनहरुको प्रभावकारी कार्यान्वयन गर्ने, ▪ समुदाय तहमा लैससासको दृष्टिकोणबाट योजना तर्जुमा, बजेट बाँडफाँड, कार्यान्वयन र अनुगमन ढाँचाहरूको पुनरावलोकन गरी लैंगिक उत्तरदायी तथा समाबेशी बनाउने ।। ▪ समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, बालबालिका, अपांग, जेष्ठ नागरीक लगायत विपन्न र बञ्चित बर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने, ▪ वडाहरुमा महिला, दलित तथा बञ्चित बर्ग समुदायको पहुँच बद्धिका लागि लैंगिक संबेदनशिल तथा न्यायिक बितरण कार्यप्रणाली अवलम्वन गर्ने । ▪ वडा स्तरमा सम्बन्धीत लक्षीत समुदायहरु जस्तै : महिला, एकल महिला, बालबालिका, दलीत, अपांग, जेष्ठनागरीक लगायतका ब्यक्ति तथा समुदायहरुको सञ्जाल गठन गरी वडा तथा बस्ती तहको योजना तर्जुमामा उनीहरुको सहभागीता सुनिश्चित गरी आबश्यकता पहिचान गर्ने । ▪ नगरपालिकामा रहेको लैससास शाखासंग नियमित समन्वयमा रही कार्य गर्ने । ▪ वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र बिश्लेषण गरी नगरपालिकाको सुचना शाखामा अद्यावधीक गर्न सहयोग गर्ने ।

साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू	कार्यभूमिका
लैंगिक समानता तथा सामाजिक समाबेशी शाखा	▪ नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका सम्बन्धमा नीति तथा कानुनहरु पुनरावलोकन गर्न नगरकार्यपालिकालाई प्राविधिक सहयोग प्रदान गर्ने । ▪ नगरपालिकाका विभिन्न विषयगत शाखाहरू बीच समन्वय गरी उक्त शाखाहरुबाट संचालीत योजना तथा कार्यक्रमहरुमा लैंगिक तथा सामाजिक समाबेशी पहुँच सुनिश्चित गर्न सहजीकरण तथा अभिप्रेरीत गर्ने । ▪ नगरपालिकामा क्रियाशिल बिषयगत शाखाहरुलाई लैंगिक उत्तरदायी बनाउन खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्कहरु र विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, ▪ योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन कार्यका लागि लैंङ्गिक र सामाजिक समावेशीकरणका सूचकहरु समाबेश गरी खण्डीकृत ढाँचा तयार गर्ने । ▪ नगरपालिकाका बार्षिक योजना तथा कार्यक्रम र बजेटहरु लैससास पक्षबाट समावेश भए नभएको अनुगमन गरी यकीन गर्ने । ▪ नगरपालिकाबाट संचालीत योजना तथा कार्यक्रमहरूको नियमित अनुगमन गरी तयार गरिएको प्रतिबेदन सम्बन्धमा समिक्षा गरी सुधारका लागि सुझावहरु संकलन गर्ने । ▪ नगरपालिका अन्तर्गतका सबै निकाय तथा कर्मचारीहरुको क्षमता बिकास गरी लैंगिक संबेदनशिल कार्य प्रणाली, कार्य विधि एवम् कार्य प्रक्रियाहरू अवलम्वन गर्न सहयोग गर्ने । ▪ लैंगिक सम्पर्क ब्यक्ति मार्फत शाखामा आएका लैंगिक तथा समाबेशी सवाल सम्बन्धी गुनासा एबं उजुरीहरु सम्बोधनका लागि नगरकार्यपालिकासंग समन्वय गर्ने । ▪ नगरपालिकालाई लैंगिक हिंसामुक्त बनाउन र कार्यस्थलमा हुने यौनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता अभिबृद्धि गर्न आबश्यक कार्ययोजना निर्माण गरी नगरकार्यपालिकाबाट अनुमोदन गराउने र लागु गर्नका लागि सम्बन्धीत वडाहरु र स्थानीय सरोकारवालाहरुसंग समन्वय गर्ने ।

साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू	कार्यभूमिका
क्रमश ..... लैससास शाखा	▪ नगरपालिकाको सूचना शाखासँग नियमित समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहजीकरण एबं सहयोग गर्ने । ▪ लैससासको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाहरूको पहिचान गर्न विकास साझेदारहरूसंग समन्वय गर्ने । ▪ नगरपालिकाको बार्षिक रूपमा लैंङ्गिक समानता तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहजीकरण गर्ने । ▪ नगरपालिकाको वार्षिक योजना, कार्यक्रम, बजेट बाँडफाँड तथा खर्चको लैससास दृष्टिकोणले लेखाजोखा गरी लाभ विश्लेषण गर्ने । ▪ दलित, जनजाति तथा महिलाहरू जस्ता वञ्चित समूहको सरोकारका विषयलाई सम्बोधन गर्ने खालका लक्षीत बर्ग उत्थान सम्बन्धी योजना तथा कार्यक्रमहरुमा आवश्यक बजेट विनियोजन गर्न बिथयगत शाखा र वडाहरुसंग समन्वय गर्ने । ▪ महिला, दलित, अपांग, जेष्ठ नागरीक आदिवासी जनजाति लगायतका समुदायहरुको बिभिन्न सञ्जालहरु गठन गर्न नगरकार्यपालिकालाई सिफारिस गर्ने ▪ लक्षीत बर्ग समुदायको उत्थानका लागि गठन भएका सञ्जालहरुको क्षमता बिकास गरी योजना तर्जुमा लगायत बिकास निर्माणका कार्यमा क्रियाशिल बनाउने ।

साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू	कार्यभूमिका
लैंगिक सम्पर्क व्यक्ति	▪ लैंगिक समानता तथा सामाजिक समाबेशी शाखाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने, ▪ नगरपालिकाबाट संचालीत कार्यक्रमहरुमा सरोकारवाला समुदाय तथा लक्षीत समुहका गुनासाहरु सुन्ने र सम्बोधनका लागि सम्बन्धीत शाखा र नगरकार्यपालिका समक्ष जानकारी गराउने । ▪ नगरपालिकाकामा लैंगिक उत्तरदायी बजेट बिनियोजन गर्न र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समाबेशी सहभागिता सुनिश्चित गर्न बिषयगत शाखा, वडा तथा टोलबस्तीहरुसंग समन्वय एबं सहजीकरण गर्ने । ▪ कार्यस्थलमा हुने योनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता बृद्धि गर्न नगर क्षेत्र भित्रका सबै निकायहरु बिच समन्वयकारी भूमिका निर्बाह गर्ने र त्यस सम्बन्धमा आएका गुनासो वा उजुरीहरु दर्ता गरी सम्बोधनका लागि लैससास शाखामा जानकारी गराउने । ▪ नगरपालिकमा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीहरुलाई लैंगिकमैत्री कार्य ब्यबहार र सम्बेदनशिलता अभिबृद्धि गर्न लैंगिक अबधारण सम्बन्धी तालीम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रमहरु माग गर्ने । ▪ सुचना शाखासंग निकटतम सम्बन्ध एबं समन्वय बिस्तर गरी नगरपालिकाको खण्डिकृत तथ्यांक संकलन, बिश्लेषण र अद्यावधीक गर्न सहयोग गर्ने । ▪ नगरपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीहरुका लागि स्तनपान कक्ष, लैंगिकमैत्री शौंचालय निर्माण, अपांगमैत्री भौतीक पूर्वाधार निर्माण जस्ता संरचनाहरु निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने । ▪ नगरपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यत: बोलीचालीको शब्द चयन वा भाषा प्रयोग गर्दा लैंगिकमैत्री शब्दहरुको प्रयोग र ब्यबहार अवलम्बन गर्न सबै कर्मचारीहरुलाइ अभिप्रेरित गर्ने ।

साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू	कार्यभूमिका
विषयगत शाखाहरू	▪ नगरपालिकाको समग्र बिकास प्रक्रिया र लाभ प्राप्तीमा नगर क्षेत्र भित्रका महिला, बालबालिका, अपांग, जेष्ठनागरीक तथा वञ्चित समूह लगायत सबै समुदायहरुको पहुँच बृद्धि गर्न लैंगिक समानता तथा सामाजिक समाबेशी शाखा र लैंगिक सम्पर्क व्यक्तिसंग दोहोरो सम्बन्ध तथा समन्वय कायम गर्ने । ▪ बिषयगत शाखाबाट गरिने योजना तर्जुमा, बिकासका कार्य लगायत हरेक सेवा प्रबाहका बिषयमा लक्षित बर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका बिषयमा संबेदनशिल हुने ।
स्वास्थ्य कार्यालय	▪ स्वास्थ्य सेवा प्रबाहमा न.पा.स्थीत स्वास्थ्य शाखासंग समन्वय गरी महिला लगायत वञ्चितीमा परेका जनसाधारणलाई लैङ्गिक संवेदनशील एकीकृत स्वास्थ्य सेवा, सुविधा उपलब्ध गराउने । ▪ लैंगिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवा प्रबाह कार्यमा संबेदनशिल भई उपचारका कार्य गर्ने ।
बिकास साझेदारहरु	▪ नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी नीति तथा कार्यबिधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा आबश्यक प्राबिधिक सहयोग गर्ने । ▪ महिला, दलित, अपांग लगायत पछाडी पारिएका बर्ग समुदायहरुको बिकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि नगरपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने । ▪ बिकास साझेदारबाट संचालन गरिने बिकास सम्बन्धी कार्यक्रमहरुमा लैंगिक समानता र सामाजिक समाबेशीकरणका सवालहरु सम्बोधन हुने गरी क्रियाकलापहरु तय गर्ने ।

साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू	कार्यभूमिका
गैरसरकारी संस्थाहरु	▪ नगरपलिकाबाट निर्माण गरी जारी गरिएका लैङ्गिकमैत्री नीति तथा कानुनहरुको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने । ▪ महिला तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंङ्गिक उत्तरदायी तथा लैंगिक संबेदनशिल बनाउन सहजीकरण तथा प्राबिधिक सहयोग गर्ने । ▪ लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूमा वकालत गर्ने । ▪ लैंङ्गिकमैत्री एबं समावेशीकरण सम्बन्धमा भएका कार्यगत सिकाइहरूको नियमित समिक्षा गरी अभिलेख राख्ने । ▪ लैंङ्गिक हिंसा पिडित तथा प्रभावितहरुलाई सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने । ▪ नगरपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समाबेशीकरणका सवालहरु सम्बोधनका लागि समन्वय एबं साझेदारीमा कार्य गर्ने । ▪ वडा तथा समुदायस्तरका महिला, दलित तथा बञ्चित बर्ग समुदायका सवालहरु सम्बोधनका लागि गाउँपालिका समक्ष नियमित वकालत गर्ने ।

साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू	कार्यभूमिका
नगरपालिका क्षेत्रभित्र गठीत बिभिन्न लक्षीत समुदायहरुको संजालहरु (महिला, एकल महिला सञ्जाल, जेष्ठ नागरीक सञ्जाल, अपांग संञ्जाल, दलित सञ्जाल लगायत पिछडिएका वर्ग तथा समूहहरूको सञ्जाल)	▪ लैंगिक बिभेद तथा विभेदकारी सामाजिक प्रचलन र गलत सामाजिक अभ्यासहरुको विरुद्धमा नियमित वकालत गर्ने साथै अभियान रुपि कार्यक्रमहरु माग गर्ने । ▪ स्थानीय स्रोत तथा प्रतिफलहरूको समानुपातिक पहुँच, न्यायिक वितरण र समाबेशी सहभागिताको पक्षमा आवाज उठाउने । ▪ लक्षीत बर्ग तथा समुदायका खास-खास सरोकारका बिषय एबं समस्याहरु र आवश्यकताहरूका सम्बन्धमा सूचना उपलब्ध गराई योजना तथा कार्यक्रमहरु र बजेट माग गर्ने । ▪ समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता बिकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने । ▪ लैंगिक हिंसा पिडित महिला तथा बालिकाहरु, असाह्य एबं अपहेलीत जेष्ठनागरीकहरुको संरक्षणका लागि सेवाकेन्द्र स्थापना र सेवा प्रबाह गर्न माग गर्ने । ▪ लैंगिकमैत्री तथा अपांगमैत्री संरचनाहरु निर्माणका लागि वकालत गर्ने । ▪ सम्बन्धीत वडा कार्यालय र लैससास शाखासंग नियमित समन्वय तथा सम्पर्कमा रहने ।
निजी क्षेत्र	▪ निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवाहरुमा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीहरुमा समेत सेवा प्रबाह प्रभावकारी बनाउने, ▪ महिला तथा वञ्चित समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने । ▪ वडा तथा बस्तीस्तरमा बिभिन्न उद्यमीहरुबाट उत्पादीत बस्तुहरुको बजारीकरणका लागि समनवय र सहयोग गर्ने । ▪ महिला, दलित लगायत पछाडी परेका समुदायलाई ब्यबसाय तर्फ उन्मुख गराउन अभिमूखिकरण कार्य मार्फत प्रोत्साहान गर्ने । ▪ नगरपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने ।

साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू	कार्यभूमिका
समुदाय	▪ नगरपालिकाको योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा वडा तथा बस्तीस्तरका समुदायहरु नजिकको साझेदारको रूपमा क्रियाशिल रहने । ▪ आफ्नो बस्ती तथा वडा तहका परिवारहरूको खण्डीकृत सूचना तथा तथ्यांकहरूको अभिलेख राख्ने र आबश्यकता अनुसार सम्बन्धित वडा र नगरपालिकामा उपलब्ध गराउने । ▪ आ-आफ्नो सामुदायिक बिकास कार्यहरुको नियमित प्रगतिको अभिलेख राख्ने र आबश्यकता अनुसार सुधारका लागि सम्बन्धीत वडामा सुझावहरु पेश गर्ने । ▪ समुदायमा बिद्यमान समस्या तथा चुनौतिहरूको सामनाका लागि सम्बन्धित वडाहरुमा नियमित समन्वय र साझेदारी गर्ने । ▪ लैंगिक तथा सामाजिक समावेशीकरणको सुनिश्चितताका लागि सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापहरूमा नियमित निगरानीको भूमिका निर्वाह गरी लैंगिकमैत्री तथा समाबेशी बनाउन सम्बन्धित शाखा तथा निकाय समक्ष वकालत गर्ने । ▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका विद्यमान लैंगिक तथा सामाजिक विभेदकारी प्रचलन र गलत सामाजिक अभ्यासहरूका विरुद्ध आवाज उठाउने र सम्बोधनका लागि सम्बन्धीत समुदाय तथा ब्यक्तिहरुलाई सचेत र सजक गराउने गरी अभियानरुपी कार्यक्रमहरु माग गर्ने । ▪ सामुदायिक बिकाससंग सम्बर्नधित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक लगायत बिपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता गराउन सहजीकरण एबम् सहयोग गर्ने । ▪ नगरक्षेत्र भित्रका बिकास निर्माणका कार्यहरुमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा बस्तीस्तमा सहजीकरण गर्ने ।

२.२. लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति कार्यान्वयनको अनुगमन तथा प्रतिबेदन :

स्वर्गद्धारी नगरपालिकाको लैंगिक तथा सामाजिक समाबेशीकरण नीतिले निर्दिष्ट गरेका नीति तथा कार्यनितिहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित संयन्त्रहरुबाट नियमित अनुगमन गरी बार्षिक प्रतिबेदनमा समाबेश गरिनेछ । लैंगिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका बिषयमा समेत बार्षिक लेखाजोखा गरिनेछ ।

नगरपालिकाको बार्षिक कार्यक्रमहरूबाट महिला, बालबालिका तथा वञ्चित समूहहरूको सेवा, सुविधामा पहुँच, बृद्धि, महिला विरुद्ध हुने हिंसा साथै लैंगिक विभेदकारी सामाजिक प्रचलन तथा गलत सामाजिक अभ्यासहरुमा कमी, जातजातिमा आधारित विभेदमा कमी, वञ्चित समूहहरूको निर्णय गर्ने क्षमतामा अभिवृद्धि, पिछडिएका वर्गका लागि दिइने सहयोग प्रति सम्पन्न वर्गको स्वीकारोक्ति जस्ता प्रयासहरू कार्यान्वयन हुने र सो को नियमित अनुगमन गरी प्रगतीका बिषयमा बार्षिक समिक्षा गरिने छ ।

२.२.१. लैससास दृष्टिकोणबाट बजेटको अनुगमन :

लैङ्गिक उत्तरदायी बजेट महिला वा पुरुषका लागि तर्जुमा गरिने अलग अलग बजेट होइन । यसले नगरपालिका अन्तर्गतका सबै क्षेत्रका नीति तथा कार्यक्रम र बजेटमा लैङ्गिक सम्बेदनशीलता छ छैन भनि लेखाजोखा गर्दछ । नगरपालिकाको बजेटबाट महिला र पुरुषको विकासमा पुऱ्याएको योगदान र कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैङ्गिक सवालप्रति संवेदनशील छ छैन भनि नियमित लेखाजोखा गरी आगामी कार्यक्रम तथा बजेट लैंगिक उत्तरदायी बनाउन प्रोत्साहित गर्दछ ।

नगरपालिकाबाट लैंगिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन भए नभएको बिषयमा नियमित लेखाजोखा गरिनेछ । महिला, बालबालिका तथा वञ्चित समूहहरूका सन्दर्भमा कुल विनियोजित रकमको कति प्रतिशत यी समूहका लागि प्रत्यक्ष फाइदा पुग्ने गरी, कति प्रतिशत आंशिक रूपमा फाइदा पुग्ने गरी र कति प्रतिशत तटस्थ रहेको छ सोको प्रतिबेदन तयार गरी सुधारका लागि आबश्यक सुझाव प्रदान गरिनेछ ।

नगरपालिकाको अनुगमन टोलीमा सुपरिवेक्षण तथा अनुगमन समिति र लैससास शाखाका प्रतिनिधीहरूको प्रतिनिधित्व गराइनेछ । साथै उक्त टोलीमा महिला, बालबालिका तथा वञ्चित समूहहरूको प्रतिनिधित्व समेत सुनिश्चित हुनेछ ।

२.३. निष्कर्षः

समाजमा विद्यमान लैङ्गिक तथा जातीय असमानता, विभेदयुक्त व्यवहार र मुल्य मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न तथा नेपाल सरकारद्धारा निर्माण गरिएका राष्ट्रिय नीति तथा कानुनहरु र लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई स्थानीय तहदेखि नै कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिन स्वर्गद्धारी नगरपालिकाको लैससास नीति २०७७ निर्माण गरी जारी गरिएको छ ।